मितिः-२०८१/०९/२०

समयः- मध्यान्ह १२ वजे

स्थानः- आठविसकोट नगर कार्यपलिकाको बैठक कक्ष

आठविसकोट नगरपालिकाको १०२ औँ नगर कार्यपालिकाको आपत्कालिन बैठक नगर प्रमुख श्री रवि के.सी.को अध्यक्षता र तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा वस्यो । उक्त बैठकका प्रस्तावहरु र निर्णयहरु देहाय बमोजिम रहेका छन् ।

| हस्ताक्षर | क्र.सं. | पदाधिकारीहरुको नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| | १ | श्री रवि के.सी. | नगर प्रमुख | |
| | २ | श्री धन कुमारी शाही | नगर उप प्रमुख | |
| | ३ | श्री राजेश गौतम | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| | ४ | श्री देव वहादुर घर्ती | १ नं. वडा अध्यक्ष | |
| | ५ | श्री देव वहादुर यरी | २ नं. वडा अध्यक्ष | |
| | ६ | श्री केशरमान वि.क. | ३ नं. वडा अध्यक्ष | |
| | ७ | श्री नरसिं विष्ट | ४ नं. वडा अध्यक्ष | |
| | ८ | श्री घनश्याम भण्डारी | ५ नं. वडा अध्यक्ष | |
| | ९ | श्री धनेश्वर शर्मा | ६ नं. वडा अध्यक्ष | |
| | १० | श्री अमृत वुढा | ७ नं. वडा अध्यक्ष | |
| | ११ | श्री खकेन्द्र वि.क. | ८ नं. वडा अध्यक्ष | |
| | १२ | श्री जनक वहादुर वटाला | ९ नं. वडा अध्यक्ष | |
| | १३ | श्री गणेश कुमार शाह | १० नं. वडा अध्यक्ष | |
| | १४ | श्री प्रेम वहादुर पुन | ११ नं. वडा अध्यक्ष | |
| | १५ | श्री खुम्मे कुसारी | १२ नं. वडा अध्यक्ष | |
| | १६ | श्री टेक वहादुर थापा | १३ नं. वडा अध्यक्ष | |
| | १७ | श्री हुकुम वहादुर पुन | १४ नं. वडा अध्यक्ष | |
| | १८ | श्री हिरा थापा | कार्यपालिका सदस्य | |
| | १९ | श्री सेतु थापा | कार्यपालिका सदस्य | |
| | २० | श्री कृष्णा घर्ती | कार्यपालिका सदस्य | |
| | २१ | श्री नन्द कुमारी आग्री | कार्यपालिका सदस्य | |
| | २२ | श्री सदिक्षा मल्ल | कार्यपालिका सदस्य | |
| | २३ | श्री यज्ञ वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| | २४ | श्री सर्जने कामी | कार्यपालिका सदस्य | |
| | २५ | श्री रत्ने कामी | कार्यपालिका सदस्य | |
| | २६ | श्री प्रेम प्रकाश रोकाय | जन स्वास्थ्य निरीक्षक | |
| | २७ | श्री मानबहादुर वटाला | एम.आइ.एस. अपरेटर | |
| | २८ | श्री चन्द्र कामी | कास | |
| | २९ | श्री तस्वीर परियार | कास | |

३० श्री सन्देश वि.क. खेलकुद अध्यक्ष

Scanned with CamScanner

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

**१०२ औं नगर कार्यपालिका बैठक (मिति २०८१/०९/२० गते)का निर्णयहरु :-**

१. यस आठविसकोट नगरपालिका वडा नं. ९ मा रहेको **आठविसकोट बचत तथा ऋण सहकारी संस्थामा** देखा परेका विभिन्न समस्याहरुको अध्ययन गर्न ९९ औं नगर कार्यपालिकाको निर्णयानुसार गठित छानविन समितिको प्रतिवेदन, २०८१ स्वीकृत गरियो र उक्त प्रतिवेदनले औंल्याएको बेरुजु असुल उपर गर्न देहाय बमोजिमको ऋण असुल समिति गठन गरियो।

क) श्री धन कुमारी शाही - संयोजक
ख) श्री सर्जन कामी - सदस्य
ग) श्री गगन वहादुर खत्री - सदस्य
घ) श्री निराज वि.क. – सदस्य
ङ) श्री गणेश वहादुर थापा - सदस्य
च) श्री रत्न वहादुर परियार - सदस्य-सचिव

२. यस आठविसकोट नगरपालिकाको १७ औं नगर सभा मिति २०८१/१०/१३ गते विहान ११ बजे देखि आठविसकोट नगरपालिकाको नगर सभा हलमा हुने।

३. आठविसकोट नगरपालिकाको **सार्वजनिक कार्यमा श्रमदान सम्वन्धी मापदण्ड, २०८१** स्वीकृत गर्ने।

४. **आठविसकोट नगरपालकाको मदिरा बिक्री वितरण तथा नियमन कार्यविधि, २०८१** स्वीकृत गर्ने।

५. यस आठविसकोट नगरपालिकामा कार्यरत करार सेवाका कर्मचारी, स्वास्थ्य सेवाका कर्मचारी, कृषि तथा पशु सेवाका कर्मचारीहरुको मिति २०८२ असार मसान्तसम्मको लागि करार म्याद थप गर्ने।

६. यस आठविसकोट नगरपलिकाको **पाँचौ राष्ट्रपति रनिङ् शिल्ड, २०८१** मिति २०८१ माघ १५ गतेबाट श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय गत्तसैना, आठविसकोट नगरपालिका-११, रुकुम पश्चिममा सञ्चालन गर्ने।

७. शहिद तथा द्वन्द पिडित र विपन्न नागरिकहरुलाई निःशुल्क स्वास्थ्य विमा कार्यक्रममा प्रत्येक वडाबाट ११ घर परिवार छनौट गरी मिति २०८१ माघ मसान्तसम्म सवै वडा कार्यालयबाट नगरपालिकामा सिफारिस गर्ने।

८. गोतामकोट स्वास्थ्य चौकीबाट सुरक्षित गर्भपतन सेवा सुचार गर्न अनुमति माग भइ आएकोमा स्थलगत अध्ययन गर्दा आवश्यक मापदण्ड पुरा भएकोले सुरक्षित गर्भपतन सेवा सुचारु गर्न अनुमति प्रदान गर्ने।

९. आठविसकोट नगरपालिकाको संयुक्त अनुगमन टोलीले तयार गरेको **११ औं विद्यालय अनुगमन प्रतिवेदन, २०८१** स्वीकृत गर्ने।

१०. यस आठविसकोट नगरपालिकाका सामुदायिक विद्यालयहरुको रेखदेख, विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्न बनेका विद्यालय व्यवस्थापन समितिहरुको कार्य अवधि समाप्त भएका विद्यालयहरुको एकिन गरी सवै विद्यालयहरुमा नयाँ विद्यालय व्यवस्थापन समिति गठनको लागि पत्राचार गरी नयाँ विद्यालय व्यवस्थापन समिति गठन गरेकोको प्रतिवेदन विद्यालयहरुले फाल्गुन मसान्तभित्र शिक्षा यूवा तथा खेलकूद शाखाले कार्यपालिकामा पेश गर्ने।

११. यस आठविसकोट नगरपालिकाका सामुदायिक विद्यालयहरुको प्रशासनिक कामकाज गर्ने गरी नियुक्त भएका प्रधानाध्यापकहरुको कार्य अवधि समाप्त भएका र नयाँ नियुक्त भएका सवै सामुदायिक विद्यालयका

2081/08/20
राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रधानाध्यापकहरुको कार्य सम्पादन करार गरी सोको प्रतिवेदन शिक्षा यूवा तथा खेलकुद शाखाले २०८१ चैत्रमसान्त नगर शिक्षा समितिमा प्रतिवेदन पेश गर्ने ।

१२.शिक्षक अभाव र विद्यालयको आन्तरिक समस्याको कारण श्री शहिद स्मृति दिपज्योती नमूना माध्यमिक विद्यालय राडी, आठविसकोट नगरपालिका-९, रुकुम पश्चिममा काज सरुवा भएका प्रा.वि.तह राहत शिक्षक श्री खिमला खनाल वस्नेतलाई श्री सरस्वती आधारभूत विद्यालय फलाँटे, आठविसकोट नगरपालिका-१०, रुकुम पश्चिममा काज फिर्ता गर्ने ।

१३. आठविसकोट नगरपालिका वडा नं. १ को वडा कार्यालय निर्माणको लागि फिल्ड निर्माण गरेको भुक्तानी हुन बाँकी रहेकोले उक्त फिल्डको प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी दिने ।

१४.यस आठविसकोट नगरपालिका अन्तर्गतका तपसिल बमोजिमका सामुदायिक विद्यालयहरुमा कार्यरत योग्यता पुगेको शिक्षकहरुलाई विद्यालय व्यवस्थापन समितिको निर्णय सिफारिस भएका शिक्षकहरुलाई विद्यालय व्यवस्थापन समितिको निर्णय मिति देखि लागु हुने गरी नि. प्रधानाध्यापक नियुक्त गर्ने ।

| क्र.सं. | शिक्षकको नाम | पद | विद्यालय |
|---|---|---|---|
| १ | घनश्याम शाह | नि.प्रधानाध्यापक | श्री जनविकास माध्यमिक विद्यालय टाकुरा, आठविसकोट नगरपालिका-१४, रुकुम पश्चिम |
| २ | मुकुन्द ओली | नि.प्रधानाध्यापक | श्री जनकल्याण आधारभूत विद्यालय बल्दे, आठविसकोट नगरपालिका-१२, रुकुम पश्चिम |

१५. यस आठविसकोट नगरपालिकाको नगर अस्पतालमा रहेको USG मेसिनमा समस्या आइ विगत १ महिना देखि USG सेवा सञ्चालन हुन नसकेकोले आवश्यक बजेट व्यवस्थापन गरी नयाँ USG मेसिन खरिद गर्ने ।

१६. नगर अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको अतिरिक्त समयमा काम गरे वापतको प्रोत्साहन भत्ता र जोखिम भत्ता सम्वन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने ।

१७. HELVETAS नेपालको आर्थिक सहयोग र पहाडि क्षेत्र विकास अभियान, जाजरकोटको प्राविधिक सहयोगमा निर्माण हुने खानेपानी आयोजना अन्तर्गत ३०० घरधुरी मध्ये आठविसकोट नगरपालिका वडा नं.५ को साटाखोला खानेपानी तथा छिमेलगाउँ खानेपानी आयोजना २०० घरधुरीमा र आठविसकोट नगरपालिका वडा नं. १२ को बाधापानी खाददारा बाँकेचौर वडा कार्यालय खानेपानी आयोजना १०० घरधुरीमा निर्माण गर्न अनुरोध गर्ने ।

१८. यस आठविसकोट नगरपालिकाको वडा नं. ९ को राडिबजार र वडा नं. ११ को चिसापानीमा सार्वजनिक शौचालय निर्माण गर्ने ।

१९. यस आठविसकोट नगरपालिका वडा नं. ९ को बटालागाउँमा सार्वजनिक निर्माणका कार्यहरु गर्न असहज भएकोले मोटर बाटो र खेल मैदान निर्माण गर्ने ।

२०. यस आठविसकोट नगरपालिकाको वडा नं. ३ पाटागाउँमा सार्वजनिक निर्माणका कार्यहरु गर्न असहज भएकोले खदि पाटागाउँ सडक निर्माणगर्ने ।

२०८१/०५/२०

राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

२१. यस आठविसकोट नगरपालिकाको वडा नं. १३ को श्री बालकल्याण आधारभूत विद्यालय हम्पामा सार्वजनिक निर्माणका कार्यहरु गर्न असहज भएकोले सडक र फिल्ड निर्माण गर्ने ।

२२. आठविसकोट नगरपालिका वडा नं. ६ को दमाचौरमा श्री जनसेवा बालविकास केन्द्र सञ्चालनको लागि नगर सभामा पेश गर्ने ।

२३. आठविसकोट नगरपालिकामा सार्वजनिक निर्माण गर्न असहज भएकोले वडा नं. १२ को वडा कार्यालय, श्री हिमालय माध्यमिक विद्यालय दाजे, श्री बालकल्याण आधारभूत विद्यालय हम्पा, वडा नं. १३ को आधारभूत स्वास्थ्य सेवा केन्द्र चुनचुने र श्री ज्ञानोदय माध्यमिक विद्यालय चौताराको जग्गा खरिद प्रक्रिया अगाडि बढाउने ।

२४. यस आठविसकोट नगरपालिका वडा नं. १४ मा सार्वजनिक निर्माणका कार्य गर्न असहज भएकोले च्यापच्यापे बाँकेडाँडा वाल्याचौर सडक, पूर्णगाउँ पोखरी मान्थान,ठाँटीखोरीया र रेलाबजार मन्दुजुरे सडक निर्माण गर्ने ।

२५. आर्थिक वर्ष २०८१/०८२ को वस्ती विकास कार्यक्रम (ब.उ.शि.नं. ३४७०१११४) अन्तर्गत विद्यालय भवनको दायित्व भुक्तानी शिर्षकबाट विद्यालय भवन बहुवर्षिय ठेक्का प्रक्रिया मार्फत निर्माण गर्न र दायित्व भुक्तानी गर्न संघीय आयोजना कार्यान्वयन इकाई बीरेन्द्रनगर सुर्खेतमा तपसिल बमोजिम छनौट भएका विद्यालयहरु सिफारिस गर्ने ।

(क) नयाँ निर्माण गर्ने सामुदायिक विद्यालय

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री महादेव आधारभूत विद्यालय रोकाजा | आठिसकोट नगरपालिका-१, रुकुम पश्चिम | |
| २ | श्री नविन आधारभूत विद्यालय पहाडा | आठिसकोट नगरपालिका-२, रुकुम पश्चिम | |
| ३ | श्री गोरखनाथ आधारभूत विद्यालय पाँटागाउँ | आठिसकोट नगरपालिका-३, रुकुम पश्चिम | |
| ४ | श्री सरस्वती माध्यमिक विद्यालय मिग्री | आठिसकोट नगरपालिका-५, रुकुम पश्चिम | |
| ५ | श्री कालिका आधारभूत विद्यालय मन्काबगर | आठिसकोट नगरपालिका-६, रुकुम पश्चिम | |
| ६ | श्री जनज्योती आधारभूत विद्यालय डाँफे | आठिसकोट नगरपालिका-७, रुकुम पश्चिम | |
| ७ | श्री हिमालय माध्यमिक विद्यालय दाजे | आठिसकोट नगरपालिका-८, रुकुम पश्चिम | |
| ८ | श्री जनविकास माध्यमिक विद्यालय घारीखोला | आठिसकोट नगरपालिका-१०, रुकुम पश्चिम | |
| ९ | श्री शहिद स्मृति दिपज्योती नमूना मा.वि.राडी | आठिसकोट नगरपालिका-९, रुकुम पश्चिम | |

2081/03/20

राजेश गौतम

नि. प्रमुख प्रशासकीय अधिकृत

(ख) दायित्व भुक्तानी गर्नु पर्ने विद्यालयहरु

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री हिमालय माध्यमिक विद्यालय खदी | आठिसकोट नगरपालिका-३, रुकुम पश्चिम | |
| २ | श्री शाइकुमारी माध्यमिक विद्यालय रोकाजाखेत | आठिसकोट नगरपालिका-१, रुकुम पश्चिम | |
| ३ | श्री सिस्ने हिमाल माध्यमिक विद्यालय साझेबगर | आठिसकोट नगरपालिका-२, रुकुम पश्चिम | |
| ४ | श्री सरस्वती आधारभूत विद्यालय स्याला | आठिसकोट नगरपालिका-२, रुकुम पश्चिम | |
| ५ | श्री बालकल्याण आधारभूत विद्यालय हम्पा | आठिसकोट नगरपालिका-१३, रुकुम पश्चिम | |
| ६ | आठविसकोट नगरपालिका वडा नं. ७, ८ र ९ का विद्यालयहर | आठिसकोट नगरपालिका-७, ८, ९ रुकुम पश्चिम | |

२६.मास्टर विल्डर्स प्रा. लि. आठविसकोट नगरपालिका- ०९, रुकुम पश्चिम) ले "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र वितरण सम्बन्धी कार्यविधी, २०७४ अनुसारको प्रक्रिया पूरा गरेकोले "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

२०७९/०५/२०

राजेश गौतम

नि. प्रमुख प्रशासकीय अधिकृत